आज मिति २०७८ साल बैशाख १३ गते प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बैठक देहायको उपस्थितिमा सम्पन्न गरियो ।

विशेष उपस्थिति

रेनु दहाल, प्रमुख, भरतपुर महानगरपालिका चितवन

कृष्ण कुमार डल्लाकोटी, प्रमुख, जिल्ला समन्वय समिति चितवन

नारायण वन, नगर प्रमुख, रत्ननगर नगरपालिका चितवन

लालमणि चौधरी, नगर प्रमुख, खैरहनी नगरपालिका चितवन

प्रभा वराल, नगर प्रमुख, राप्ति नगरपालिका चितवन

खुमनारायण श्रेष्ठ, नगर प्रमुख, कालिका नगरपालिका चितवन

ठाकुर प्रसाद ढकाल, नगर प्रमुख, माडी नरपालिका चितवन

गीता गुरुङ्ग, अध्यक्ष, इच्छाकामना गाउँपालिका चितवन

तारा काजी महतो उप प्रमुख माडी नगरपालिका

उपस्थिति

अध्यक्ष	प्रेमलाल लामिछाने	प्रमुख जिल्ला अधिकारी
सदस्य	डा० जगन्नाथ तिवारी	प्र.मे.सु., भरतपुर अस्पताल
सदस्य	राम बहादुर शाही	सप्रजिअ, जिल्ला प्रशासन कार्यालय
सदस्य	ओम प्रसाद अधिकारी	प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय
सदस्य	दिपक कुमार थापा	सशस्त्र प्रहरी उपरीक्षक, सप्रबल नेपाल १७ नं गण
सदस्य	उत्तम खनाल	उप अनु. नि., राष्ट्रिय अनुसन्धान जिल्ला का.
सदस्य	पदम बहादुर क्षेत्री	सेनानी, कालीबहादुर गण
सदस्य	सुकदेव लम्साल	नि.जि.स.अ., जिल्ला समन्वय समिति चितवन
सदस्य सचिव	दिपक तिवारी	कार्यालय प्रमुख,जनस्वास्थ्य कार्यालय चितवन

आमन्त्रित

प्रमुख प्रशासकीय अधिकृत श्री भोजराज खतिवडा - भ.म.न.पा

निर्णय

१. विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस चितवन जिल्लामा हाल संम्म भईरहेको प्रयास, विद्यमान अवस्था, चुनौति र अव गर्नु पर्ने कार्यका सम्बन्धमा छलफल तथा समिक्षा भयो ।

२. चितवन जिल्लामा कोभिड-१९ को संक्रमण निरन्तर बढ्दै गएकोले संक्रमणको थप जोखिम बढ्न नदिन अत्यावश्यक काम नपरी घर बाहिर ननिस्कन, अत्यावश्यक परी घर बाहिर निस्कनु परेमा जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गर्न आम चितवनवासी सर्वसाधारण नागरिक समक्ष पुनः सार्वजनिक रूपमा अनुरोध गर्ने ।

३. भारतबाट पर्सा जिल्लाको ठोरी हुँदै माडी प्रवेश गर्न नदिन थप निगरानी तथा चेकजाँच गर्ने । विदेशवाट अन्य जिल्ला हुँदै लुकिछिपी जिल्ला प्रवेश गर्नेहरूलाई जिल्ला प्रवेश गर्नासाथ कम्तिमा १० दिन सम्म अनिवार्य होम क्वारेन्टिनमा बस्ने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहले समन्वय गर्ने ।

४. गत बर्ष स्थापना तथा सञ्चालनमा आएका सबै आइशोलेसन पुनः सञ्चालन गर्ने । भरतपुर महानगरपालिकाले कम्तिमा २०० र अन्य स्थानीय तहले कम्तिमा २०/२० वेड क्षमताको अक्सिजन सहितको आइशोलेसन वार्ड तयार गरी सञ्चालन तथा व्यवस्थापन गर्ने । स्वास्थ्य अवस्था सामान्य रहेका संक्रमितहरूलाई होम आइशोलेसन वा स्थानीय तहस्थित उपर्युक्त आइशोलेसनमा राख्ने । उपचार गर्नु पर्ने भएमा स्थानीय अस्पतालमै उपचारको व्यवस्था मिलाउने । स्वास्थ्य अवस्था जटिल भएमा वा अक्सिजन दिनु पर्ने अवस्था देखिएमा मात्र भरतपुर स्थित थप सुविधा सम्पन्न अस्पतालहरूमा पठाउने ।

५. चितवन जिल्ला स्थित CMC, CoMS सहितका निजी अस्पतालहरूबाट थप आइशोलसेसन HDU, ICU र भेन्टिलेटर निर्माण तथा व्यवस्थापन गर्न र कोभिड-१९ संक्रमितहरूको सहजरूपमा उपचार हुने व्यवस्था मिलाउन अनुरोध गर्ने । संक्रमणको रोकथाम नियन्त्रण तथा उपचार व्यवस्थापनमा निजी अस्पतालहरूको थप भूमिका तथा योगदान बढाउने सम्बन्धमा आवश्यक नीतिगत निर्णय हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई समेत अनुरोध गर्ने ।

६. छिमेकी जिल्ला मकवानपुर, नवलपरासी लगायतका कतिपय जिल्लाबाट संक्रमणको लक्षण नदेखिएका सामान्य संक्रमितहरूलाई पनि चितवन भरतपुर स्थित भरतपुर अस्पताल लगायतका अस्पतालमा रिफर गर्ने गरेको देखिएको छ । यसबाट स्वास्थ्य अवस्था जटिल भएका संक्रमितहरूको उपचारमा कठिनाई हुने देखिएको छ । अत स्वास्थ्य अवस्था सामान्य रहेका संक्रमितहरूको उपचार तथा व्यवस्थापन आ-आफ्नो जिल्लामै हुने व्यवस्थाका लागि समन्वय हुन सम्बन्धित DCCMC मा अनुरोध गर्ने ।

७. स्वास्थ्य कार्यालय चितवनले जिल्ला स्थित सबै एम्बुलेन्सहरूको चालक सहित अध्यावधिक विवरण तयार गर्ने । एम्बुलेन्सहरूलाई कोभिड-१९को जोखिम नहुने गरी partition गर्ने । एम्बुलेन्सहरूलाई २४ घण्टा प्रयोंग गर्न सकिने गरी तैयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

८. संक्रमणको दृष्टिकोणले बढि जोखिम हुने देहाय बमोजिमका क्षेत्र/व्यक्तिहरू उपर थप निगरानी बढाउने

क. विभिन्न अस्पताहरूमा उपचारका लागि आउने व्यक्तिहरू,

ख. सेबाग्राहीहरूको बढी भिडभाड हुने कार्यालय तथा बैंक/वित्तीय संस्थाहरू

ग. पहिचान लुकाएर भारतबाट लुकिछिपी आउने मानिसहरू

घ. मापदण्ड पालना नगरी सञ्चालन हुने सार्वजनिक सवारी साधनहरू

ङ. लुकिछिपी खाना खुवाउने राजमार्ग स्थित होटलहरू
च. होम आइशोलेसनमा बसेका तर मापदण्ड पालना नगरेका व्यक्तिहरू
छ. मेलापर्वका अवसरमा आँफुखुसी जमघट हुने स्थानहरू
ज. बिवाह व्रतवन्ध भोजभतेर हुने पार्टीप्यालेसहरू
झ. बढि भिडभाड हुने मठमन्दिर, मस्जिद तथा चर्चहरू

९. कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको अवधिभर (अर्को निर्णय नभयसम्म) हुने सबै प्रकारका सभा सम्मेलन गोष्ठी सेमिनार बैठक तालिम जस्ता कार्यक्रमहरू नगर्ने । गर्नैपर्ने अवस्थामा पुर्व स्विकृति लिइ २५ जना भन्दा बढि नहुने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने सुनिस्चितता गरी मात्र गर्ने ।

१०. वढि भिडभाडँ हुने हाँटवजारहरु अर्को निर्णय नभएसम्मको लागि वन्द गर्ने ।

११. खाद्य पसल, सव्जिमण्डी तथा तरकारी पसलहरूमा सामाजिक दुरी कायम गर्ने तथा मास्क अनिवार्य गर्ने ।

१२. चितवन र गोरखा जिल्लामा पर्ने मनकामना केवुलकारको प्रस्थान विन्दु कुरिनटारमा गोरखा जिल्लाको DCCMC र केवुलकार सञ्चालकसँग समेत समन्वय गरी दर्शनार्थीको आवागमन बन्द गर्ने

१३. सेवाग्राहीको बढी भिडभाड हुने कार्यालयहरूमा मास्क वेगर आउनेहरूलाई प्रवेश नदिने । प्रवेशविन्दुमै हात धुने वा सेनिटाइजरको व्यवस्था गर्ने ।

१४. भरतपुर स्थित कारागारमा कैदी/बन्दी र आफन्त/आगन्तुक विच हुने वाह्य नियमित भेटघाट कार्य बन्द गर्ने

१५. जिल्लामा संचालित विभिन्न उद्योगहरूमा काम गर्ने कामदारहरूको तथ्यांक लिने । भारतबाट वा जोखिमयुक्त जिल्लाबाट कामदार ल्याँउदा जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिन अनिवार्य गर्ने ।

१६. भरतपुर अस्पतालमा थप भेन्टिलेटर व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने

१७. जिल्ला स्थित अक्सिजन उत्पादन गर्ने सबै कम्पनी र अस्पतालले क्षमता अनुसार अधिकतम अक्सिजन उत्पादन गरी प्रयास मौज्दात राख्ने ।

१८. चितवन जिल्ला स्थित सरकारी तथा निजीक्षेत्रका अस्पतालहरूमा थप आइशोलेशन वेड, HDU, ICU र भेन्टिलेटर निर्माण तथा सञ्चालन र उपचारमा समन्वय तथा सहजिकरणका लागि भरतपुर अस्पतालका अध्यक्ष डा भोजराज अधिकारीको संयोजकत्वमा रहेको कोभिड-१९ प्राविधिक समन्वय समितिलाई गत वर्ष झै पुन क्रियाशिल बनाउने ।

१९. माथी उल्लेखीत निर्णयको अवज्ञा गर्ने तथा निर्णय कार्यान्वयनमा वाधा पुर्‍याउने उपर संक्रामक रोग एन,२०२० वमोजीम कारवाही गर्ने ।